शहीदनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

यदुकूहा, धनुषा

Email:- ito.shahidnagarmun@gmail.com
Email:- shahidnagar60@gmail.com

मधेश प्रदेश, नेपाल

पत्र संख्या :- २०७९।०८०
चलानी नं. :- ९५

मिति :- २०७९/०४/०१

श्री सबै वडा कार्यालय,
शहीदनगर नगरपालिका ।

विषयः- सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम ४ अनुसार आ.व. ०७८।०७९ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले आ.व. ०७९।०८० मा समेत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न चाहेमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ बमोजिम कार्तिक मसान्त भित्र सम्बन्धित वडा कार्यालयमा स्वयम उपस्थित भई अनुसूची २ बमोजिमको ढाँचामा निवेदन दिनुपर्ने व्यवस्था रहेको ले हाल त्रैमासिक रुपमा भत्ता निकासा हुने हुँदा सम्पुर्ण लाभग्राहीहरुले पहिलो त्रैमासिक भत्ता वितरण हुनु अगावै (भाद्र मसान्त सम्ममा) नविकरण प्रक्रिया टुङ्गयाउने गरी व्यवस्था मिलाउनु हुन अनुरोध छ ।

नोटः-

१. निर्धारीत समयमा परिचयपत्र नवीकरण नभएका लाभग्राहीले नयाँ लाभग्राहीको रुपमा निवेदन दिई अर्को महिना देखी मात्र भत्ता प्राप्त गर्न सक्ने हुँदा लाभग्राहीलाई समयमानै जानकारी गराई नवीकरणको कार्य तदारुकता साथ गर्न गराउनु हुन ।
२. नवीकरणको समयमा लाभग्राहीको सामाजिक सुरक्षा परिचयपत्र, उमेर नाम थर खुल्ने सक्कल नागरिकता, जन्म दर्ता लगायतका कागजपत्र अनिवार्य हेरी रुजु गर्नु गराउनु हुन ।
३. ६० वर्ष मुनि विधवाको हकमा अर्को विवाह गरे नगरेको यकिन गरी प्रक्रिया अगाडि वढाउनु हुन ।
४. अपाङ्गताको हकमा अपाङ्गता परिचयपत्र समेत हेरी रुजु गर्नु गराउनु हुन ।
५. लाभग्राहीको एक प्रति फोटो लिनु हुन ।
६. बालबालिका तथा अपाङ्गता भएको लाभग्राही बाहेक अन्यको हकमा लाभग्राही स्वयमलाई उपस्थित गराई प्रक्रिया अगाडि वढाउनु हुन ।

..............................
राम किशोर महतो
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

शहीदनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

यदुकूहा, धनुषा

Email:- ito.shahidnagarmun@gmail.com
Email:- shahidnagar60@gmail.com

पत्र संख्या :- २०७९।०८०
चलानी नं. :-

मिति :- २०७९/०४/०८

सूचना । सूचना ।। सूचना ।।।

**विषयः- ६८ वर्ष उमेर पुगेका नागरिकहरुले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न पेश गर्नु पर्ने विवरण सम्बन्धी सूचना ।**

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको मिति २०७९।०४।०१ को पत्र अनुसार ६८ वर्ष पूरा भएका ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्न सामाजिक सुरक्षा ऐन, २०७५ मा संशोधन भईसकेको हुँदा ऐ. ऐन, २०७५ को दफा (१२) र सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम (५) बमोजिम लाभग्राहीहरुको निवेदन प्राप्त गरी लाभग्राहीको सूचिकरण प्रकृया अघि बढाउनका लागि निर्देशन प्राप्त भएको हुँदा ६८ वर्ष उमेर पूरा भएका लाभग्राहीहरुले आ-आफनो नजिकको वडा कार्यालयमा उपस्थित भई देहायको कागजातहरुका साथ निवेदन पेश गर्नुहुन यसै सूचना मार्फत जानकारी को लागि अनुरोध छ ।

आवश्यक कागजात / विवरणः-

१. नेपाली नारिकताको प्रमाणपत्र
२. पासपोट साईजको फोटो २ प्रति
३. बाजे, बुवा, आमा, र विवाहित भएमा पति/पत्नीको नाम
४. सम्पर्क नं.
५. टोल विकासको नाम

.................................
राम किशोर महतो
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः-
श्री सवै वडा कार्यालयहरु (कार्यान्वय गर्न गराउनु हुन)

**पुनश्चः- पुरानो लाभग्राहीहरुले कुनै प्रकारको सामाजिक सुरक्षा भत्ता प्राप्त गरीरहेका व्यक्तिहरुले ६८ वर्ष पुरा भएमा निवेदन दिनु पर्दैन ।**

CamScanner